**वायु प्रदूषणबाट जोगिने उपाय**

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं, दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौं, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं।

**वायु प्रदूषणको असरबाट बचौं र बचाऔं।**

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**



बुटवल पब्लिकेशन प्रा. लि.

राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

राष्ट्रिय दैनिक

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

वर्ष १३ | अंक १८३ | शनिबार | १३ बैशाख २०८२ | Saturday 26 April 2025 | पृष्ठ: ४ | मूल्य: ६ रूपैयाँ



**आनन्दलोक हास्पिटल एवं टेस्ट ट्यूब बेबी सेन्टर**

**डा. आनन्द अग्रवाल** (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
**डा. अल्पना अग्रवाल** स्त्री एवं प्रसुती रोग विषेशज्ञ

विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन

**डा.कनिका पोपली अग्रवाल** (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
**डर्मेटोलॉंजी, लेजर, कास्मेटोलॉंजी,**
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)

**सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)**
सम्पर्क – ००९१-६३९०५८७९९७


# गाउँमै समृद्धिको सपना

**जनार्दन घिमिरे**
गुल्मी, १२ वैशाख।

गुल्मी दिगामका कृषकहरू यतिबेला उखुको रसबाट आर्थिक संमृद्धिको खोजीमा जुटन थालेका छन। जिल्लामा उखुको मुख्य पकेट क्षेत्रको रूपमा रहेको छत्रकोट गाउँपालिका -४, दिगामका कृषकहरूले व्यावसायिक रूपमा उखु खेती गर्न थालेका हुन। 'लाउँलाउँ र खाउँखाउँ' भन्ने भर्खरको कलकलाउँदो उमेरमा धेरै युवाहरू रोजगारीको खोजीमा बिदेशीयको अबस्थामा छत्रकोट गाउँपालिका-४, दिगामका युवाहरू रामकृष्ण न्यौपाने, किरण न्यौपाने, जगदीश पाण्डे यतिबेला गाउँमै उखु खेती गरेर मनग्ये आम्दानी गर्न थालेका छन। उनीहरूले संयुक्त रूपमा एक करोडको प्रोजेक्ट बनाएर आफ्नै लगानीमा गाउँमै तीन वर्षदेखि व्यावसायिक उखु खेती गरेर गुडखुदो उत्पादन गर्दै आएका छन।

गाउँले ग्रुप अफ इन्डस्ट्रीज प्रालि मार्फत उनीहरूले तीन सय रोपनी जग्गा भाडामा लिएर उखु खेती गर्न शुरु गरेका हुन। गाउँमै उखु उद्योग स्थापना गरेर उनीहरूले उखुको विविधिकरण गर्दै आएका छन। आधुनिक मेशिनबाट पेलीएको उखुको रसलाई प्रशोधन गरि गुड र खुदोको ब्रान्डिङ गरिएको छ। कम्पनी मार्फत गाउँका एक सय २५ भन्दा बढी किसानहरूको उखु खरिद गरेर खुदो तथा गुड उत्पादन गर्दै आएका हुन्।

कृषि ज्ञान केन्द्र गुल्मीले कृषकलाई आवश्यकताका आधारमा उखु प्रशोधनका लागि कम्पनीलाई आधुनिक मेशिन र भट्टी निर्माणका लागि ६ लाख ४५ हजार भन्दा बढी रकम अनुदान उपलब्ध





रामकृष्ण न्यौपाने

जगदीश पाण्डे

किरण न्यौपाने

गराएको छ। उक्त रकममा थप गरेर उनीहरूले १२ लाख भन्दा बढी लगानीमा उखु प्रशोधनका लागि मेशिन जडान गरेका छन। उक्त मेशिनबाट यतिबेला प्रति घण्टा २५ क्वीण्टल उखु पेल्ने काम भैरहेको सञ्चालक रामकृष्ण न्यौपानेले बताए। कम्पनीमा उखुको रस प्रशोधन गरेर खुदो र गुड बनाउने गरिएको छ। यसरी बनाएको गुड प्रतिकिलो तीन सय रूपैयाँ र खुदो प्रतिलिटर एक सय ८० रूपैंयामा बिक्रि हुँदै आएको छ।

गाउँमै उखुबाट समृद्धि खोज्न थालेका न्यौपानेले कम्पनी मार्फत तीन महिनाको अबधिमा ८५ लाख बराबरको गुड र खुदो बिक्री गरिसकेको भन्दै यस वर्ष आफूले एक करोड भन्दा बढी बिक्री गर्ने बताए। 'बजारमा दिगामको गुडखुदो भनेपछि खोजी खोजी लैजाने प्रचलन छ, बजारमा यसको माग पनि अत्यधिक छ, यतिबेला हामीलाई माग धान्न धौधौ परेको छ, उनले भने।' कृषि ज्ञानकेन्द्र गुल्मीका बरिष्ट बालि संरक्षण अधिकृत प्रकाश मरासिनीका अनुसार यस वर्ष जिल्लामा पाँच करोड ७० लाख बराबरको गुडखुदो बिक्री भएको छ। उनका अनुसार जिल्ला भित्र दुई करोड बराबरको खपत भएको छ भने तीन करोड ७० लाखको गुडखुदो जिल्ला बाहिर निर्यात भएको बताईएको छ। जिल्लाको छत्रकोट र रुरुक्षेत्रमा एक सय ९६ हेक्टर क्षेत्रफलमा उखु खेती हुने गर्दछ। जिल्लामा यस पटक पाँच सय ९४ मेट्रिकटन भन्दा बढी गुड खुदो उत्पादन भएको छ। रुरुक्षेत्र गाउँपालिका र छत्रकोटमा गरि छ सय २५ घरधुरीले व्यावसायिक उखु खेती गर्दै आएका छन। गाउँले ग्रुप अफ इन्डस्ट्रीजमा अहिले १५ जना जनशक्ति प्रत्यक्ष रोजगारीमा जोडिएका छन।

## जगदीशपुर तालमा मोटरबोट पुनः सञ्चालन

# चराको वासस्थान फेरि संकटमा

**हरि घिमिरे**
जितपुर, १२ वैशाख।

"जल पंक्षीहरूको राजधानी" भनेर चिनिने कपिलवस्तुको जगदिशपुर तालमा गत वर्ष रोक लगाइएको मोटरबोट (स्टीमर) फेरि सञ्चालनमा ल्याइएको छ। विगतमा मोटरबोटका कारण तालमा बसोबास गर्ने चराको वासस्थान बिथोलिएको र जैविक विविधता तथा वातावरणमा असर पुगेको भन्दै डिभिजन वन कार्यालयले मोटरबोट सञ्चालनमा प्रतिबन्ध लगाएको थियो।

हाल भने जगदीशपुर जलाशय व्यवस्थापन बहुउद्देश्यीय सरोकार मञ्चले तालको पर्यटकीय विकासका लागि ठेक्का दिएको जनाएको छ। मायादेवी गाउँपालिका-३ का बिनोद पालले ८ लाख ५० हजार रूपैयाँमा तालको ठेक्का लिएको र हाल एउटा मोटरबोट सञ्चालनमा रहेको जानकारी दिएका छन्।

पर्यटकबाट एक ट्रिपको १ हजार ३ सय ५० रूपैयाँ शुल्क लिइन्छ भने भ्यू टावरमा प्रवेशका लागि समेत शुल्क लिने गरिएको छ। गत वर्ष पनि यही जगदिशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्चद्वारा ठेक्का दिइएपछि मोटरबोट सञ्चालन



गरिएको थियो, तर कार्तिक २८ गतेदेखि त्यसमा रोक लगाइएको थियो।

१ सय ५७ हेक्टरमा फैलिएको जगदीशपुर तालमा हिउँदको समयमा १५ देखि २० हजार जलपंक्षी आश्रय लिने गर्छन्। नेपालकै दोस्रो पक्षी आरक्ष क्षेत्रका रूपमा रहेको यो ताल सन् २००३ मा विश्व सिमसार क्षेत्रमा सूचीकृत भएको हो। चीन, रूस, मंगोलिया, युरोप लगायतका देशबाट जलपंक्षी आउने यो तालमा अहिले भने चराको आगमनको समय नभएको भन्दै मोटरबोट सञ्चालन गरिएको बताइएको छ।

(बाँकी पृष्ठ २ मा)

# परिवार नियोजनका साधन प्रयोगकर्ता घट्दै

**बेचु गौड**
नवलपरासी, १२ बैशाख।

जिल्लामा किशोरी मैत्री स्वास्थ्य कार्यक्रम प्रभावकारी हुन नसक्दा जिल्लामा किशोरी गर्भवतिको संख्या बढने र परिवार नियोजन सेवा घट्ने क्रम देखिएको छ। परिवार नियोजनका साधन प्रयोगकर्ता घट्दै जानु र किसोरी गर्भवति संख्या बढदै जानुले सुरक्षित मातृत्व कार्यक्रमलाई नै चुनौती थपिएको हो।

कार्यालयको तत्यांक अनुसार अस्थायी परिवार नियोजन सेवा लिइनेमा पुरुषले प्रयोग गर्ने परिवार नियोजनका साधन कण्डमको प्रयोग बढेको देखिए पनि महिलाले प्रयोग गर्ने परिवार नियोजनका साधन प्रयोग गर्ने संख्या घट्दो क्रममा छ। तथ्याँक अनुसार कण्डमको प्रयोग आर्थिक बर्ष २०७८/०७९,२०७९/०८० र २०८०/०८१ मा नयाँ प्रयोगदर क्रमशः ५.४,५.३ हुँदै घटेर ४.९ मा पुगेको छ। क्रमश :२ हजार ७ सय १९,२ हजार ९ सय ९१ र ३ हजार ८ सय १४ देखिन्छ। तर महिलाले प्रयोग गर्ने अस्थाई परिवार नियोजन साधनहरू क्रमशः पिल्स, डिपो, इम्प्लान्ट आईयुसिडि र स्थाई साधनमा समेत कमी हुँदै आएको छ।

तीन वटै आर्थिक बर्षको तुलनात्मक सँख्या हेर्दा पिल्सको नयाँ प्रयोगकर्ता क्रमशः १ हजार ६ सय ४८, १ हजार ५ सय ४२ र १ हजार ४ सय ६५ पुगेर घटदो क्रममा छ। डिपोमा पनि आर्थिक बर्षको क्रमशः२ हजार ५ सय ६१, २ हजार ३ सय ५२ र २ हजार ४७ घट्दो क्रममा छ। इम्प्लान्टको पनि प्रयोग क्रमशः१ हजार ३ सय ३०, १ हजार ६ सय ४९ पुगेर पछि पछिल्लो बर्षमा १ हजार ६ सय ३७ मा झरेको छ। आईयुसिडि पनि क्रमशः २ सय २, १ सय ३८ र १ सय ७१ छ। स्थायी साधनमा आर्थिक बर्षको क्रमशः ५ सय ५०,५ सय १६ र ४ सय ९१ मा झरेको छ।

यि साधन प्रयोगकर्तामा सबै भन्दा बढि सँख्या रामग्राम नगरपालिकामा रहेको छ,भन्ने सबै भन्दा कम सुस्ता गाउँपालिका रहेको छ। 'विहाबारी विस बर्ष पारी' नारा बनाई किसोर किसोरीको प्रजनन स्वास्थ्यमा करोडौ खर्चेर विभिन्न कार्यक्रम सञ्चालन हुदै आए पनि कार्यक्रमहरू प्रभावकारी नहुँदा किसोरी प्रजनन् स्वास्थ्यको समस्या देखिएको हो।

(बाँकी पृष्ठ २ मा)




# पुग्नैपर्ने ऐतिहासिक गाउँ रुकुम तकसेरा



रामबहादुर गरम्जा (एसकुमार)

चारैतिर अग्ला पहाडले घेरिएको, पहाडको फेदी र भिरालो ठाउँमा बसाइएको मनै लोभ्याउने बस्ती रुकुम तकसेरा। लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुम पूर्वमा अवस्थित ऐतिहासिक ठाउँ। मुलुककै घुम्नलायक रमणीय गाउँको रूपमा स्थापित तकसेरा गाउँ पर्यटकीय दृष्टिले बिर्सनै नसकिने आकर्षक गन्तव्यस्थल हो। आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना र भुमे गाउँपालिका रुकुम पूर्वको समन्वयमा पालिकाको सभाहलमा २०८१ साल चैत ६ गते स्थानीय तहमा कानुन तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम सकेर ५ बजे हामी तकसेरातिर लाग्यौं। भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीलाल बिकले तकसेरा कम्युनिटी होमस्टेका सञ्चालक देवा रोका मगरलाई फोन गरी खाना र बासको लागि समन्वय गरिदिनुभएको थियो। स्थानीयको भनाईमा डेढ घण्टा लाग्ने बाटो साँझको बेला भएर होला हामीलाई २/३ घण्टा लाग्यो। हुन त हामीले कल्पना गरेजस्तो त्यति नराम्रो र अप्ठ्यारो थिएन तर अपरिचित भूगोल र नयाँ परिवेश भएर होला हामीलाई बाटोमा कुनै बेला पट्यार लागेको अनुभूति हुन्थ्यो।

यात्रामा मन्त्रालयका उपसचिव कृष्णप्रसाद नेपाल, कानुन अधिकृत धनबहादुर थापा, म र श्री खनाल गरी ४ जना थियौं। कहिले स्थानीयलाई सोध्दै त कहिले फोन गर्दै बल्ल ८ बजे हामी तकसेरा पुग्यौं। लामो बाटो, टोलीमा सबै थकित थियौं। शान्त लाग्ने गाउँ, मान्छेहरूको मन्द आवाज अनि कुकुरहरू भुक्दै गरेका। वारीबाट हेर्दा घरहरूमा टिलपिल बत्ती बल्दै गरेको। साँझको समय फेदीबाट गाउँतर्फ नियाल्दा तिब्बतको राजधानी ल्हासास्थित पोताला दरबारको दृश्यजस्तो देखिने। दिनभरको थकाइ गाउँको मनमोहक दृश्यले मेटाइदियो। तकसेरा कम्युनिटी होमस्टेमा एसइईका विद्यार्थी र अन्य पाहुनाले गर्दा रुम प्याक भएको रहेछ। होटल साहुनीले हामीलाई 'पाहुना घर' मा लगेर व्यवस्था गरिदिनुभयो। त्यहाँ ढिडो, सिस्नो र मासु खाने योजना बन्यो। पाहुना घरकी दिदीको नाम रामलीला साँच्चै लीला नै गर्नुहुँदोरहेछ। उहाँको मिठो स्वागत पछि हामी फ्रेस भयौं। ४/५ जना स्थानीय दाजुभाइ र दिदीबहिनीहरूसँग हाम्रो टिमको दोहोरी कार्यक्रम सुरु भयो। साहुनी दिदीले ढिडो ओराल्दै गीत गाउँदै हुनुहुन्थ्यो, हाम्रा सरहरूले पनि जवाफी कारबाही स्वरूप जोशिलो पारामा गीत फर्काउनुहुन्छ भने मैले मादल बजाउँदै थिए। गठबन्धन ढिडोको विषयले करिब एक घण्टा त्यहाँ माहोल तातेको थियो। गठबन्धन ढिडो यानेकी मकै, कोदो, फापर, जौ र भट्टको समिश्रण रहेछ। दोहोरी पछि धनबहादुर थापा सरबाट १/२ वटा गजल वाचन पनि भए। १० बजे खाना खाएर बिश्रामतिर लाग्यौं। एकैछिन गजलका रदिफ र काफियाका विषयमा पनि छलफल भए। त्यो पल धेरै रमाइलो र अविस्मरणीय रह्यो हाम्रो लागि। अर्कोतिर भने म भोलि बिहानको पर्खाइमा थिए किनकि भोलि बिहानको सूर्य



किरणसँगै धित मरुञ्जेल तकसेरा गाउँ हेर्ने मन थियो। अंगालोमा बेरेर चुम्वन गर्ने मन थियो। ४/५ वर्षदेखिको तकसेरा पुग्ने रहर थियो, त्यसैले पनि म धेरै आतुर थिएँ।

अर्कोदिन बिहान चौतारीमा बसेर धेरैबेर गाउँतर्फ नियाल्यौं र दुईपटक गाउँको परिक्रमा गऱ्यौं। सम्झनाको लागि २/४ थान सिङ्गल र समूहका फोटो र भिडियो सेसन पनि भए। एउटा निश्चित स्थानमा मिलेर बनेका समान किसिमका अजिब घरहरू। गिलास खप्टाएजस्तो गरी बनेका घरका संरचनाले हाम्रो मनै लोभ्याए। एउटा घर, अर्को घरसँग जोडिएको अनि एउटा घरको छत माथिल्लो घरको आँगन। छेउबाट पारिका घरहरूमा सहजै पुग्न सकिने। मानौं विदेशी दातृ निकायले परिकल्पना गरेर तयार गरिएको एकीकृत बस्तीको ढाँचाजस्तो। खेतीयोग्य जमिनलाई अलग्गै साँचेर बसाइएको बाक्ला बस्ती। यस गाउँका घरहरू पूर्णतः ढुङ्गा, माटो र काठले बनेका रहेछन्। मानव बसोबासको हिसाबले तकसेरा देशकै नमुना मानिन्छ। मगर जातिको बाहुल्यता रहेको उक्त गाउँमा दलित र गुरुङको समेत बसोबास रहेछ। २०३१ सालअघि बाग्लुङ जिल्ला अन्तर्गतको एक गाविस थियो भने पछि रुकुम जिल्लाको एक गाविस बन्न पुगेको त्यहाँ पुगेपछि हामीले थाहा पायौं। हाल पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० र पालिकाको केन्द्र पनि सोही वडाको तकसेरा नैरहेछ। करिब २५ सयको उचाइमा रहेको यस गाउँको क्षेत्रफल ७५.०५ वर्ग किलोमिटर रहेछ। २०६८ को जनगणना अनुसार यस वडाको जनसंख्या ३६९८ थियो भने हालको जनसंख्या घटेर २०४३ रहेको अभिलेखवाट देखिन्छ। ५ सय भन्दा बढी घरधुरी रहेको तक गाउँमा रोजगारी, शिक्षा, स्वास्थ्य, व्यवसायको खोजीमा अन्यत्र बसाइ सरेकोले जनसंख्या कम हुँदै गएको स्थानीय बासिन्दा बताउँछन्। तल्लो सेरा, उपल्लो सेरा र बाछीगाउँ तक पछिका ठुलो क्षेत्रफल ओगटेका गाउँ रहेछन्। तक र सेरा दुई छिमेकी गाउँलाई नै समग्रमा तकसेरा भन्दा रहेछन्। बाक्ला बस्ती ढोरपाटनबाट पश्चिमतर्फ बहने उत्तरगङ्गा नदीले छुट्याएको। स्थान र नाम फरक भएपनि संस्कृति, रहनसहन तथा अन्य दृष्टिले यी दुई गाउँ भिन्न छैनन्। तकसेरा नाम यसैको संयुक्त रूप हो। यहाँका मानिसहरू आफूलाई निकै व्यस्त राख्न मन पराउँछन्। माहुरी जस्तै मेहनती, लगनशील र पौरखी छन्। खेतीपाती र पशुपालन उनीहरूको मुख्य पेसा हो। खेतीपातीमा अर्मपर्म अपनाउनु उनीहरूको सामाजिक परम्परा नै रहेछ। सामूहिकतामा विश्वास गर्दा नै आफ्नो अस्तित्व रक्षा भएको स्वीकार्छन् उनीहरू। अन्नबाली उत्पादनमा उनीहरू विशेष दख्खल राख्छन्। अनाज भण्डारणको शैली उदाहरणीय छ। घरको छतमा भकारी सजाएर राख्न निकै मन पराउँछन्। भकारीमा बर्खे बाली मकै, कोदो, फापर, जौ, तोरी, आलु राख्छन्। कसैकसैले स्याउ र फर्सी पनि राखेका हुन्छन्। प्रत्येक घरमा एक बाली एक भकारी हुनु सामान्य जस्तै रहेछ।

तकसेरालाई चिनाउन राडीपाखी (काम्लो) को उल्लेख्य भूमिका छ। कोसेलीका लागि राडीको प्रयोग गरिएका घटना कुनै कहावत वा मिथकजस्ता लाग्छन्। पाहुनाहरूलाई जिल्लाको तर्फबाट प्रदान गरिने कोसेलीको रूपमा तकसेराको राडीपाखी उपहार दिने परम्परा अझै कायमै छ। तकसेरामा परम्परागत घरेलु विधिबाट राडी बुनिन्छ। यहाँ अझैपनि परम्परागत हाते कलाबाट ऊनीका राडीपाखी, फेरुवा, हार्दुला बुन्ने गरिन्छ भने ओखर खेती पनि गरिन्छ। ऊन उत्पादनका लागि भेडाबाख्रा पाल्नु निर्विकल्प पेसा हो। यहाँको दैनिक अर्थ व्यापारलाई चलायमान बनाउन भेडाबाख्रा, ऊन, राडीपाखीको योगदान ठूलो रहेछ। पछिल्लो समय अल्लोको धागो सङ्कलन र बिक्री वितरणमा समेत तकसेरा कहलिएको छ। स्थानीय बासिन्दा मिहिनेती मात्रै छैनन् व्यापारमा पनि निकै खप्पिस रहेछन्। पुसको चिसोलाई प्रवाह नगरी बास बस्दै बस्दै राडीको भारी बोकेर रिडी आएको मैले सानैदेखि सुने र देखेको कुरा पनि हो। पाल्पा, गुल्मी र स्याङ्जाको संगमस्थल रिडीमा रुकुम र रोल्पाको काम्लो भनेपछि कोसेलीका लागि भए पनि किन्नेको भिड नै लाग्छ। फरक भूगोल, सम्प्रदायका व्यक्तिसँग नजिकिन हिच्किचाउँदैनन। अपरिचित वा कुनै बिरानोलाई गाँस बासको आश्रय दिनु धर्म ठान्छन्। पाहुना पाल्ने संस्कृति उनीहरूको विशिष्टता हो। पाहुनालाई गरिने आदर, सत्कार र सम्मान बडो घतलाग्दो छ। गाउँका युवाहरू विशेषगरी मीत-मीतेनी, सम्धि-सम्धिनी लाउन रुचाउँछन्। मीत र सम्धि सम्धिनीलाई परिवारको एउटा हिस्सा मान्दा रहेछन्। हामी जाने दिन पनि पाहुना घरमा धेरै टाढाबाट बाउछोरा आएका थिए। पछि बुझ्दा उनी मित थिए र वर्षौपछि त्यहाँ आएका रहेछन्। प्रायः घरमुली महिला हुन्छन्। पुरुषको तुलनामा महिला बढी स्वावलम्बी छन्। श्रमको निकै सम्मान गर्छन्। कामलाई सानो ठुलो भन्दैनन्। भूमे गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठका अनुसार झाँक्री मेला त्यहाँको अनौठो र रहस्यमयी संस्कार रहेछ। आधुनिक चिकित्सा प्रणालीलाई ठाडै चुनौती दिने गरी अझै पनि धामी झाँक्रीबाट ओखतीमुलो गर्छन्। धामी झाँक्रीले ठम्याउने जडीबुटीमा विश्वास गर्छन्। झाँक्रीलाई रमा र बस्ने घरलाई जिम भन्दा रहेछन्। धेरै उचाइको लेकाली भू-भागमा अवस्थित यो रामाजिमा धार्मिक गन्तव्यको थलो रहेछ। तकसेराका बासिन्दाले भदौ पूर्णिमा (जनैपूर्णिमा) को दिन भेडाको बली दिएर बराहको पूजा गर्छन्।

आहा! क्या राम्रो रुकुम तकसेरा आफैमा इतिहास, संस्कृति र प्रकृतिको त्रिवेणी रहेछ। ५० को दशकसम्म यहाँ निकै विदेशी पर्यटक आउने गर्थे भन्ने इतिहासले बोल्दछ। यसो हुनुमा बेलायती नागरिक डेबिड वाटर्सले तकसेरामै बसेर मगर खाम भाषाको गहन अध्ययन गरी भाषाशास्त्रमा अमेरिकाको ओरेगन विश्वविद्यालयबाट पिएचडीको शैक्षिक उपाधि हासिल गरेकोबाट बुझ्न गाह्रो छैन। विख्यात जर्मन मानवशास्त्री माइकल अपिज सन् १९७० को दशकमा ७ वर्ष बसाइ गरी यहाँको झाँक्री, समाज र संस्कृतिमा व्यापक, खोज र अन्वेषण गरी विविध सोधग्रन्थ प्रकाशन गरे। साथै, उनले ६ घण्टा लामो वृत्तचित्र (डकुमेन्ट्री) तयार गरेका थिए। संवत् २००७ सालपछि राष्ट्रसंघबाट खटिएका टोनी हागन ढोरपाटन हुँदै उत्तरगङ्गा नदीको किनारको यात्रा गर्दा उनले तकसेरा गाउँ नियाल्ने मौका पाए। तकसेराको सौन्दर्यबाट मोहित बनेका यी स्विस भूगर्भविद्‌ले खिचेको तस्बिर देखेपछि आकर्षित बनेका राजा वीरेन्द्र यस गाउँको भ्रमण गर्न इच्छाएको मानिन्छ। तकसेराका तत्कालीन प्रधानपञ्च बलमान पुन र रुकुम बाँफीकोटका ध्रुवविक्रम शाहको पहलमा २०४० साल माघमा तत्कालीन राजा वीरेन्द्रबाट यस गाउँमा राजकीय भ्रमण भएको रहेछ। वीरेन्द्रका साथमा रानी ऐश्वर्य, प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ लगायत विशिष्ट व्यक्तित्वहरूसमेत भ्रमणमा सामेल थिए। राजाले तक र सेराका बासिन्दालाई सहज होस् भनेर उत्तरगङ्गा नदीमा लामो दुरीको झोलुङ्गे पुल बनाउन लगाए। सोही समयमा रानीले यस गाउँलाई धेरै मन पराएर पुनः २/३ पटक तकसेरा घुम्न आएको कुरा तकसेराका वडा अध्यक्ष भरत बुढाले बताए। उनका अनुसार विश्वको कुनैपनि देशमा उनीहरू नपुगेका छैनन्। लाहुरेको संख्यापनि रुकुम तकसेरामा उल्लेख्य रहेछ। पहिलो र दोस्रो विश्वयुद्धका क्रममा गोर्खा पल्टनमा भर्ती भई लडेका युद्धका कथा वास्तवमै साहसिक र कारुणिक लाग्छन्। १० वर्षे जनयुद्धका क्रममा यस गाउँले ठूलो कहर काट्यो। यी भेगहरू माओवादीका आधार इलाका अन्तर्गत थिए। दिनमा प्रहरी र सेना अनि रातभर माओवादीको मार्चपास त्यस बेलाको दैनिकी जस्तै थियो। दुवै पक्षको हप्कीदप्की त्यस्तै थिए। २०५२ सालबाट माओवादीले जारी राखेको सशस्त्र विद्रोहको प्रभावले विदेशीले पाहुनाको आगमन कम भएको रहेछ। २०५६ साल चैतमा तकसेरा प्रहरी चौकीमा आक्रमण हुँदा १४ प्रहरी र २ जना माओवादीको मृत्यु भएको पुथा उत्तरगङ्गा गाउँपालिका अध्यक्ष पुनीराज घर्तीले बताउनुभयो।

पालिकाका उपाध्यक्ष नरपुरा बुढा पुन तथा मगर समुदायका अगुवाका अनुसार इतिहासमा बाइसे-चौबीसे राज्यको पालादेखि नै मगर समुदायमा मातृसत्तात्मक प्रणाली चलेको बताउँछन्। उनीहरूका अनुसार त्यतिबेला बाहिरी आक्रमणबाट मगर राज्यलाई जोगाउन घरको सबै अधिकार महिलाको जिम्मा छाडेर पुरुषहरू लडाइँमा जान्थे। केही पुरुषहरू कमाउन देश तथा विदेश जाने र भेडाबाख्रा चराउन गोठालो जाने भएकाले आर्थिक जिम्मा महिलाकै काँधमा हुने र परिवार उनीहरूकै खटनपटनमा चल्ने रहेछ। रुकुमका खाम भाषी मगर समुदायका पुरुषले वर्षौदेखि आफूले कमाएको पैसा परिवारका महिलालाई राख्न दिने र चाहिएको बेला मागेर चलाउने गर्दै आएका छन्। पुरुषले आफूले कमाएको पैसा घरमा आमा, आमा नभए जेठी दिदी, जेठी भाउजू वा घरबाट छुट्टिएर बसेको भए श्रीमतीलाई राख्न दिने चलन रहेछ। तकसेरा मात्रै नभएर रुकुमको हुकाम, मैकोट, काक्री, लुहुम, कलराङ्सी, महत, कोल, जाङ, प्वाङ, मोरवाङ, चुनवाङ, स्यालापाखा, दुली लगायतका ठाउँका मगर समुदायमा आर्थिक रूपमा महिला नै सर्वेसर्वा रहँदै आएका छन्। श्रीमान र छोराहरूको कमाइका साथै भेडाबाख्रा, खसीबोका, अन्नपात, जडीबुटी र राडीपाखी बेचेर हुने आम्दानी पनि महिलाले नै राख्छन्। अहिले संविधानमा महिला अधिकारको कुरा लेखिएको छ। यहाँका मगर समुदायमा भने हालको संविधानमा भएको प्रावधान परापूर्वकालदेखि नै अपनाएको र महिला अधिकार सम्पन्न भएको उपाध्यक्ष बुढाले बताउनुभयो। विशेषगरी खामभाषी मगर समुदायमा साम्यवाद र मातृसत्तात्मक प्रणाली झल्कने गरेको देखिन्छ। जग्गाजमिन, पशु चौपाया किनबेच गर्दा होस् वा छोराछोरीको विवाह गर्दा वा ऐंचोपैंचोमा महिलाकै निर्णय अन्तिम हुन्छ। अपवादको रूपमा मात्रै आर्थिक कारोबार पुरुषको हातमा हुने भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगर बताउनुहुन्छ। साथै उहाँले अन्य समुदायमा छोराले मात्रै दागबत्ती दिने चलन भएपनि मगर समुदायमा पहिलेदेखि छोरीले समेत दागबत्ती दिने गरेको बताउनुभयो। घरमुली नै प्रायः महिला हुने भएकोले उनीहरूले हुन्छ नभनेसम्म कुनै पनि काम नहुने देखिन्छ। तकसेराका एकजना स्थानीय शिक्षक भन्छन्- हामीले कमाएर दिन्छौं त्यसपछि कहाँ, कसरी, कुन काममा खर्च गर्ने भन्ने निर्णय गर्ने अधिकार महिलाकै हुन्छ। यस्तै रमाइला इतिहासका गाथाहरूले कोरिएका तकसेराको अनुभव र अनुभूति मनको डायरीमा सङ्कलन गरी प्यारो गाउँसंग बिदाईका हात हल्लाउँदै फर्किने अनुमति माग्यौं। पाहुना घरकी रामलीला दिदीले अप्ठेरो मान्दै त्यहाँको संस्कार अनुसार सेतो टीका लगाइदिएर हातमा फूल र दही ख्वाइ पुनः छिट्टै भेट्ने बाचासहित हामीलाई बिदा गर्नुभयो।

## लायन्स क्लब अफ बुटवल सनसाईनको अध्यक्षमा पोखरेल




बुटवल (बुटवल टुडे ) १२, बैशाक- लायन्स क्लब अफ बुटवल सनसाईनको १० औ बोर्ड फरमेसन कार्यक्रम सम्पन्न भएको छ।

क्लबको आगामी लायन्स वर्ष २०२५/ २०२६ का लागि अध्यक्ष लायन्स पुष्पा पोखरेल, उपाध्यक्ष सविना थापा प्रथम, गंगा गैरे द्धितिय, रमा ज्ञवाली तृतिय, सचिव सुधा बस्याल, कोषध्यक्ष विष्णु घिमिरे, सहकोषाध्यक्षमा दिव्या ढुंगेल मनोनित भएको संस्थाका अध्यक्ष लक्ष्मी अर्याल खरेलले जानकारी दिईन। उनले क्लबलाई र बलियो बनाउने कुरामा सबैले ध्यान दिन आवश्यक रहेको बताइँदै सफल कार्यकालको शुभकामना व्यक्त गरिन। कार्यक्रममा लायन्स आरती खनाल, प्रभा सापकोटा, संकलप हमाल लगायतले बोलेका थिए।

## जगदीशपुर...

नेपाल सरकारले यो ताललाई राष्ट्रिय १ सय पर्यटकीय क्षेत्रमध्ये समेटेको छ भने लुम्बिनी प्रदेश सरकारले पनि २० प्रमुख पर्यटकीय गन्तव्यभित्र राखेको छ। तथापि, डुंगा सयरभन्दा बर्ड वाचिङ र जैविक विविधता संरक्षणमा आधारित विकास गरिनुपर्ने आवाज चुलिँदो छ।

## परिवार...

किसोरीमा परिवार नियोजनको साधन पुऱ्याउन नसक्दा किसोरी आमाको संख्यामा वृद्धि देखिएको तथ्याँकले नै प्रष्ट पारेको देखिन्छ। किशोरीहरू गर्भवती हुने संख्यामा वृद्धि हुदै जाँदा प्रजनन् स्वास्थ्यमा अझै चुनौती कायम नै रहेको तथ्यांकले देखाएको हो। स्वास्थ्य कार्यालयको तथ्यांक अनुसार गत आर्थिक बर्ष २०८०/०८१ मा जिल्ला भित्र कुल ४ सय जना (२० बर्ष मुनि) का किशोरी गर्भवती भएका छन्। एकातर्फ किसोरी अवस्थामै २० बर्षमुनि नै गर्भवती हुन र अर्कोतिर प्रोटोकल अनुसार गर्भवती किशोरीहरूले गर्भ परिक्षणको पहुँचमा नहुनुले चुनौती देखिएको जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकले देखाएका छ। चार जना गर्न किसोरी गर्भवती मध्ये प्रोटोकल अनुसार पहिलो पटक गर्भ जाँच गराउने संख्या २ सय ८२ रहेको छ। ४ पटक गर्भवती जाँच सेवा लिइने क्रम घट्दै गएको पनि देखाएको छ। जस्मा ४ पटक गर्भवती जाँच गराउने संख्या घटेर २ सय ४३ रहेको छ।

यसको प्रमुख जिम्मेवार निकाय स्वास्थ्य कार्यालय र पालिकाका स्वास्थ्य शाखाहरू हुनु पर्ने बताइएको छ। संघीय सरकारले नै किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७९ जारी गर्दै सो सेवा प्रवाह गर्नका लागि तीन तहकै सरकारलाई निर्देशन गरेको थियो। तर संघिय सरकारले विभिन्न मापदण्ड जारी गरे पनि स्थानिय तह र प्रदेश सरकारका जिल्ला स्वास्थ्य कार्यालयहरूले सो क्षेत्रमा प्रभावकारी ढंगले काम नगर्दा किसोरी प्रजनन् स्वास्थ्य चुनौती बन्ने गरेको नागरिक समाजका अध्यक्ष राधेश्याम सिँह सैथवारले बताए। सरकारले विभिन्न दातृ निकायलाई देखाउनका लागि कानुन, मापदण्ड बनाउने तर बनाएर थन्काउने कार्य मात्रै गरेको जस्तो देखिएको उनको आरोप थियो।

स्वास्थ्य सस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवालाई किशोरकिशोरी मैत्री बनाउन जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिइएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सो निर्देशिका बनाएर जारी गरेको थियो। किशोरकिशोरी मैत्री सेवा अन्तरगत यौन तथा प्रजनन स्वास्थ्य सेवा, परामर्श र प्रेषण सेवा,परिवार योजना वा नियोजन सेवा, परामर्श र प्रेषण सेवा (कम्तीमा कण्डम, पिल्स, तीन महिने सुई, आकस्मिक गर्भ निरोधक साधन) को सेवा, पोषण सम्बन्धि जानकारी वार परामर्श सेवा, यौनजन्य संक्रमण तथा एचआईभि नियन्त्रण, रोकथाम बारेमा जानकारी वा परामर्श र प्रेषण सेवा दिइनुपर्छ। त्यसैगरि हिँसाबाट बच्ने उपायबारे जानकारी वा परामर्श र प्रेषण सेवा, लागू पदार्थ दुर्ब्यसनबाट बच्ने उपायको बारे जानकारी वा परामर्श र प्रेषण सेवा र मानसिक समस्या सम्बन्धी जानकारी वा परामर्श र प्रेषण सेवाहरू दिइएको हुनुपर्छ। यी सबै सेवाहरू भएको र आवश्यक पूर्वाधार र गोपनियताको हिसाबले पनि गोप्य र सुरक्षित स्थान हुनुपर्छ। सरकारी स्वास्थ्य संस्था मात्रै नभई निजी स्वास्थ्य सस्थाहरूलाई पनि सो मापदण्ड अनुसारको सेवा प्रवाह गराउन समेत लगाउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ।

प्रत्येक ६ महिनामा सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाले स्वःमुल्याँकनका लागि अनुसुचि ३ बमोजिम भौतिक पूर्वाधार र संरचनामा किशोरकिशोरीलाई सेवा प्रदान गर्दा अरूले देख्ने सुन्न नसक्ने गरी गोपनियताको कायम राख्ने ब्यवस्था, स्वच्छ वातावरण र विद्युत आपूर्ति रहेको, संस्थामा नियमित विद्युत आपुर्ति रहेको र सेवाग्राहीले पालो पर्खदा बस्नको लागि उपयुक्त ब्यवस्था भएको हुनु पर्ने उल्लेख छ। औजार उपकरण र सामग्रीमा तौल तथा उचाई मापन गर्ने उपकरण उपलब्ध भएको, कण्डम राख्ने बाकस सबैको पहुँच हुने गरि राखिएको, स्तेथोस्कोप तथा बीपिसेट भएको, स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नेपाल सरकारले तोके बमोजिम औषधिको उपलब्धता भएको र सेवा प्रदायक स्वास्थ्यकर्मीहरूको नियमित उपस्थिति रहेको अवस्था अनुसार अंकभार तोकिएको छ।

"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार"

कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि.

KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.

देवदह, रुपन्देही

ACCESS BRONZE

### कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमीटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ (पैतिस) दिने सूचना।

**प्रकाशिन मिति :२०८२।०१।१३ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक**

यस सहकारी संस्थाको ढेकावार सेवा केन्द्र कार्यालयहरूबाट तपसिलमा उल्लेखित ऋणीहरूले उपभोग गर्नु भएको ऋण कर्जा सहकारी संस्था संग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरी सहकारी संग गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएकोले सहकारीले राष्ट्रिय दैनिक पत्रिका बुटवल टुडेमा मिति २०८१।११।०७ गते ऋण तिर्न आउने वारे ३५ (पैतिस) दिने सार्वजनीक सुचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानतकर्ता लाई सुचित गर्दा समेत उक्त ऋण कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै -दस्तुर समेत चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गरी बसेकाले सो ऋण कर्जाको सुरक्षण वापत धितो बन्धक/दृष्टि बन्धक लेखीदिएको सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परीमाणमा छ सोही अवस्था र परीमाणमा सहकारीको नियम तथा प्रचलित कानुनको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी सहकारीको लेना रकम असुल उपर गर्नका लागि यो ३५(पैतिस) दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सुचना प्रकाशित गरीएको छ। धितोमा रहेको उक्त सम्पति (घर जग्गा) गोप्य शिलवन्दी बोलपत्र मार्फत खरीद गरी लिन इच्छुक व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र यसै सुचना तथा बोलपत्र फारममा उल्लेखीत शर्तहरूको अधिनमा रही रीतपुर्वक भरी यस सहकारीको केन्द्रीय कार्यालय खैरेनीमा आईपुग्ने गरी गोप्य शिलवन्दी वोलपत्र पेश गर्न आवाहान गरीन्छ। साथै प्रस्तुत लिलाम प्रकृयाबाट धितोमा रहेको तपशिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम विक्री भई सहकारीले असुल उपर गर्नु पर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावलि २०७५ र सहकारीको ऋण निति २०७५ तथा अन्य प्रचलित ऐन कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा श्रीसम्पत्ति बाट समेत बाँकी लेना रकम असुल उपर गरीने व्यहोरा जानकारी गराउदै, धितो सुरक्षण तथा व्यक्तिगत जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सुचना केन्द्रको कालोसुचिमा नाम समावेश गर्नको लागि सिफारीस गरी पठाईने व्यहोरा समेत यसै सुचना द्धारा सुचित गरीन्छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस सहकारीमा सम्पर्क राखि सिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न/गराउनुहुन समेत विषेश अनुरोध गरीन्छ।

| | | | |
|---|---|---|---|
| १ | ऋणीको नामः मिना वि.क.<br>ऋणीको नामः मिना वि.क.<br>श्रीमानको नाम : यम बहादुर वि.क.<br>ससुराको नाम : नन्द राम वि.क.<br>हालको ठेगाना : सुनवल ०८ सिरानटोल<br>ना.प्र.प.नं.:३६-०१-७४-०६८४८<br>जारी मिति :२०७४।०८।२७,नवलपरासी | जमानतको नाम : रोहित वि.क.<br>बाबुको नाम : यम बहादुर वि.क.<br>बाजेको नाम : नन्द राम वि.क.<br>हालको ठेगाना :सुनवल०८ सिरानटोल<br>ऋणी संगको नाताःछोरा<br>जमानतको नाम : पुर्णराज बिश्वकर्मा<br>बाबुको नाम : पृथिराम बिश्वकर्मा<br>बाजेको नाम : नन्द लाल वि.क.<br>हालको ठेगाना : सुनवल ०८ सिरानटोल<br>ना.प्र.प.नं. : ६२९३<br>जारी मिति : २०६०।०४।२६,बाग्लुङ्ग<br>ऋणी संगको नाताःछिमेकी | मिना वि.क. को नाममा परासी मालपोत कार्यालयमा दर्ता कायम रहेको नवलपरासी जिल्ला साविक सुनवल ८।ग कित्ता नं ३०७ को क्षेत्रफल (०-०-१०) र कित्ता नं. ३८३ (०-१-२) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सर्म्पुण लिलाे( लगापात समेत |

# सिद्धबाबा हस्पिटलले मनायो वार्षिकोत्सव




बुटवल, १२ बैशाख- बुटवलको सिद्धबाबा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिले शुक्रबार सातौं वार्षिकोत्सव सम्पन्न गरेको छ। नेपालमै केही गरौं भन्ने उद्देश्यले युवा चिकित्सकको टिमको पहलमा सिद्धबाबा हस्पिटल स्थापना भएको थियो। सातौं वार्षिक उत्सवको उद्घाटन गर्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलमा न्यूरो, किडनी र मुटु सम्बन्धी सेवा अस्पतालले दिएर बिरामीलाई सहज बनाईदिएको बताए। आगामी दिनमा आफ्ना सेवा विस्तार गर्दै जान र सामाजिक दायित्व पूरा गर्न पालिकाले पनि सहयोग गर्न तयार रहेको नगर प्रमुख पाण्डेयको भनाइ छ।

अस्पतालमा जोखिम मोलेर डाक्टरहरूले लगानी गरेको स्मरण गर्दै नगर प्रमुख पाण्डेयले सेवाग्राहीसँग हुने पहिलो भेट फ्रन्ड डेक्स कमजोर रहेको बताए। उनले डक्टर र नर्सको व्यवहार पनि विरामीलाई राम्रो हुनुपर्ने उनको भनाइ छ। पाण्डेयले निजी अस्पतालहरूमध्ये विरामीमा जनउत्तरदायी व्यवहार गरेको छ भन्ने स्थापित गर्न आग्रह गरे।

अस्तालका अध्यक्ष डा। दीपेश प्रधानले आगामी दिनमा अस्पतालमा थप सेवा विस्तार सहित अगाडी बढाउने बताए।उनले अहिले भाडाको घरमा रहेको अस्पताललाई थप परिस्कृत गर्दै आफ्नै भवनमा सञ्चालन गर्ने गरी योजना बनाएको बताएका थिए। अस्पतालका निर्देशक डा. यमनचन्द्र प्रधानले अस्पताललाई आगामी दिनमा आफ्नै भवनबाट भरपर्दो र विश्वाससिलो अस्पताल बताउने बताए। कार्यक्रममा अस्पतालका निर्वतमान अध्यक्ष तथा वरिष्ठ मृगौला रोग विशेषज्ञ शक्ति बस्नेत अस्पताललाई स्थानीय सरकारको मार्गनिर्देशन आवश्यक रहेको बताए।

यस क्षेत्रमा अस्पतालको सिन्डिकेट तोडेर अस्पताल स्थापना गरिएको स्मरण गर्दै डा। बस्नेतले सात वर्षमा लुम्बिनी प्रदेशका बिरामीलाई चितवन र काठमाडौं जानुपर्ने बाध्यकारी अवस्था अन्त्य गरेको बताए। नेपालमा २ हजार पाँच सय चिकित्सक देश छाडने अवस्था देखिएको भन्दै देशमै रोक्ने योजना आवश्यक रहेको बताए। हस्पिटलका कानूनी सल्लाहकार महेन्द्र पाण्डे अस्पतालको सेवा गुणस्तरीय र सर्वसुलभ रहेको बताउँदै यसलाई निरन्तरता आवश्यक रहेको बताए।

नेपाल पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष विश्वास ढकालले सर्वसुलभ सेवा सहित विपन्न नागरिकलाई पनि सेवा दिन आग्रह गरे। बुटवलका अधिकांश अस्पताल रिफर सेन्टर बनेको गुनासो आइरहेको भन्दै उपाध्यक्ष ढकालले यहीँ पूर्ण उपचार हुन्छ भन्ने स्थापित बन्नुपर्नेमा जोड दिए। वडा प्रहरी कार्यालय, बुटवलका प्रहरी निरीक्षक विष्णुबहादुर बस्नेत लगायतले बोलेका थिए।

वार्षिकोत्सवको अवसरमा उत्कृष्ट कर्मचारीमा टिकादेवी राना र मन्जु थापा घोषणा भएका छन्। साथै सो अवसरमा तीन वर्ष कार्यरत कर्मचारीलाई प्रशंसापत्रले सम्मान गरिएको थियो। अस्पतालामा १ सय जना डाक्टर र कर्मचारी कार्यरत छन।

# बुटवलमा भिमसेन मन्दिर शिलान्यास



बुटवल, १२ बैशाख - भिन्धो नेवाः समाजको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेसन एवं भिमसेन मन्दिर शिलान्यास कार्यक्रम सम्पन्न भएको छ। समाजसेवी अनुपमान सैजुबाट दानमा प्राप्त जग्गामा समाजले भिमसेन मन्दिरको पूर्वाधार निर्माण गर्न लागेको हो।

एक समारोहका बीच बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले विधिवत पूजाआजासहित मन्दिरको शिलान्यास गर्दै भावी पुस्तालाई आफ्नो कला, संस्कृति बुझाउन पनि यसको संरक्षण आजको आवश्यकता भएको बताए। विभिन्न जातजाती, कला, संस्कृति जगेर्ना र संरक्षणमा नगरबाट अभियान चलाएको उनले बताए।

कार्यक्रममा संस्थाकी अध्यक्ष पारु श्रेष्ठले भिमसेन देवता नेवारी समुदायका महत्त्वपूर्ण आराध्य देवता भएको उल्लेख गर्दै, यस मन्दिर निर्माणमार्फत संस्कृति संरक्षणको अभियानलाई अगाडि बढाइएको बताइन्। बुटवल उपहानगरपालिका वडा न १७ मा २ कठ्ठा २ धुर क्षेत्रफलमा भिन्धो नेवाः समाजको सामाजिक भवन समेत निमार्ण हुने उनले बताए।

कार्यक्रममा बुटवल उपमहानगरपालिका वडा नं १७ का ज्ञान बहादुर रेश्मी, वडा १९ का जनप्रतिनिधि लक्ष्मी थारु, नेवा देय दबु लुम्बिनी प्रदेशका अध्यक्ष बाबुराम श्रेष्ठ, नेवा देय दबु रूपन्देही जिल्ला अध्यक्ष चन्द्र प्रकाश श्रेष्ठ, रूपन्देही जिल्लाका उपाध्यक्ष अरूणा श्रेष्ठ, नगरअध्यक्ष सुन्दर श्रेष्ठ, भिमसेन समाजका अध्यक्ष सहदेव श्रेष्ठ, ईन्जिनियर सुमन श्रेष्ठ, नेवा सेवा समितिका अध्यक्ष डिल्लि प्रसाद श्रेष्ठ, गणेश नेवा समाजका अध्यक्ष ओम प्रकाश श्रेष्ठ, संस्थाका सचिव भुमलाल श्रेष्ठले सबै जातजाती र धर्मसंस्कृतिको महत्वबारे प्रकाश पार्दै देशको पहिचान दिने काम यसैबाट भएको बताए।

# लुम्बिनी सहकारीमा साहित्य सम्मान



बुटवल (बुटवल टुडे) १२ बैशाख - लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. लुम्बिनी साहित्य पुरस्कार -२०८२ साहित्यकार प्रा.डा. हिरण्य लाल ज्ञवाली र जानकी देवी ट्रस्टबाट प्रदान गरिने जानकी देवी अध्यात्मिक साहित्य पुरस्कार २०८२, साहित्यकार तथा संस्कृतिविद् रत्न सायमीलाई प्रदान गरियो।

संस्थाका अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठ, रूपन्देही बचत तथा ऋण सहकारी संघका अध्यक्ष बसन्त ढकाल नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष संचालक जीवन प्रसाद वझा, साहित्यकार प्रा.डा. हिरण्य लाल ज्ञवालीलाई १४ औं लुम्बिनी साहित्य पुरस्कार २०८२ र रत्न सायमी १२ औं जानकी देवी आध्यात्मिक साहित्य पुरस्कार २०८२ ले पुरस्कृत गरी सम्मान गरिएको छ। संस्थाका व्यवस्थापक विनोद प्रताप ज.व.रा, सुजिता शेरचन, उपसमिति संयोजक डा.बावुराम ज्ञवालीले र सिद्धार्थ साहित्य परिषद भैरहवाका अध्यक्ष डिल्ली राज भट्टराईले पुरस्कृत व्यक्तित्वको परिचय दिएका थिए।

कार्यक्रममा वरिष्ठ साहित्यकार विजय सागर, देव बावा डा. नारायण शर्मा, रुद्र ज्ञवालीले अतिथि मन्तव्य दिदै पुरस्कृत तथा सम्मानित व्यक्तित्व साहित्यकार प्रा.डा. हिरण्य लाल ज्ञवाली र रत्न सायमीलाई वधाई दिए। रूपन्देही बचतका अध्यक्ष बसन्त ढकालले सहकारीहरू समस्यमा परेका त्यस्ता सहकारीहरूको सम्बन्धमा जानकारी दिँदै स्थानीय तहमा संचालित सहकारीहरू सबै सबल रहेको र बाहिरबाट आई संचालन गरेका त्यस्ता सहकारीहरू अप्ठेरोमा परेको बताए।

## मणिरत्न ई.भि. प्रा.लि. को स्थापना तथा सञ्चालनको लागी प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सूनुवाई कार्यक्रम

**सूचना प्रकाशित मिति: २०८२ / ०१/ १२**

रुपन्देही जिल्लाको बुटवल उप-महानगरपालिका वार्ड नं ११, नहरपुरमा प्रस्तावित मणिरत्न ई.भि. प्रा.लि. को प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रस्ताव गरिएकोमा, सो प्रस्ताव कार्यान्वयन गर्न र अध्ययन प्रतिवेदनको तयारिमा लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली २०७७ बमोजिम सार्वजनिक सूनुवाई गर्न लागिएको हुंदा उक्त क्षेत्रहरुको जनप्रतिनिधि, स्थानिय जनसमुदाय तथा सरोकारवाला सबै माझ निम्न उल्लेखित स्थान र समयमा उपस्थित भईदिनु हुन सादर अनुरोध गर्दछै।

**मिति:** २०८१ बैशाख १६ गते, मंगलवार

**स्थान:** बुटवल उप-महानगरपालिका वार्ड नं ११ नहरपुर, सुभकामना पथ (प्रस्तिवित उद्योग स्थल)

**समय:** बिहान ९:०० बजे

प्रस्तावक

**मणिरत्न ई. भि. प्रा.लि.**
बुटवल उप-महानगरपालिका वार्ड नं ११, नहरपुर
फोन नं.: ९८५७०२०४७२

अनुसुची - ९
नियम ९ को उपनियम (१) संग सम्बन्धित
वातावरणीय अध्यन प्रतिवेदन सम्बन्धित सार्वजनिक सुचना

## लुम्बिनी प्रदेश रोल्पा जिल्लाको त्रिवेणी गाँउपालिका का कार्यान्वयन गरिने ४ वटा सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट खोटो संकलन सम्बन्धी प्रस्तावको वातावरणिय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना

**प्रथम पटक प्रकाशित मिती: २०८२/०१/१३ गते**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नामः गणपति रोजिन एण्ड टर्पेन्टाईन ईण्डष्ट्रिज प्रा. लि.<br>(ख) ठेगानाः शिवराज न. पा. - ६ गडगौडा, कपिलवस्तु<br>(ग) फोन नं.: ९८५७०३०८६८<br>(घ) ईमेलः arti_btw@ganpatirosin.com |
| प्रस्तावको ब्यहोरा | (क) कार्यान्वयन हुने स्थानः रोल्पाको त्रिवेणी गा.पा. को ४ वटा सा.व.उ.स. हरू<br>(ख) चार किल्ला : सामुदायिक वनको चार किल्ला<br>(ग) प्रस्तावको बारे सामान्य जानकारीः<br>■ रोल्पा जिल्लाको त्रिवेणी गा.पा. को क्षेत्रभित्र पर्ने वाड नं. १ करेटी को घलाम्पुर सा.व.उ.स.<br>■ रोल्पा जिल्लाको त्रिवेणी गा.पा.को क्षेत्रभित्र पर्ने वाड नं. १ करेटी को देवस्थल जलुके सा.व.उ.स.<br>■ रोल्पा जिल्लाको त्रिवेणी गा.पा.को क्षेत्रभित्र पर्ने वाड नं. १ करेटी को मेवाङ सा.व.उ.स.<br>■ रोल्पा जिल्लाको त्रिवेणी गा.पा. को क्षेत्रभित्र पर्ने वाड नं. ३ रातामाटा को सुकिदह सा.व.उ.स.<br>(घ) लगानि रु.:<br>(ङ) लगानिको किसिमः निजी |
| प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न. पा./गा. पा. | (क) रोल्पा जिल्लाका, त्रिवेणी गा.पा. हरू |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न न. पा. / गा. पा. तथा अन्य क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागी यो सार्वजनिक सुचना जारी गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सुचना टांस भएको निकाय वा निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | नामः गणपति रोजिन एण्ड टर्पेन्टाईन ई. प्रा. लि.<br>ठेगानाः शिवराज न. पा. - ६ गडगौडा, कपिलवस्तु<br>फोन नं.: ९८५७०३०८६८<br>ईमेलः arti_btw@ganpatirosin.com |
| परामर्शदाताको नाम र ठेगानाः | नामः सञ्जीवनी अनुसन्धान केन्द्र<br>ठेगानाः तानसेन-६, पाल्पा |

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कृष्णनगर, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/१२ गते**

यस कृष्णनगर नगरपालिका शिवराज अस्पताल बिकास समितिको मिति २०८१/११/२७ गतेको निर्णयानुसार यस नगरपालिका अन्तर्गत रहेको शिवराज अस्पतालमा काम गर्ने गरि स्थाई पद पूर्ती नभए सम्मका लागि तपशिल बमोजिमका कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्य तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | विज्ञापन नं. | पद/तह | सेवा/समूह | सख्यां | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | मेडिकल अधिकृत/अधिकृत आठौं | स्वास्थ्य/ज.हे.स. | १ (एक) | शिवराज अस्पताल बहादुरगजं |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
क) **मेडिकल अधिकृत पदको लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.स. गरेको साथै NMC मा दर्ता भएको।
२. **छनौटको किसिम:** लिखित र अन्तरर्वाता
३. **उमेरको हद:**
क) **मेडिकल अधिकृत हकमा:** २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
४. **आवेदन बुझाउने स्थान:** कृष्णनगर नगरपालिका प्रशासन शाखा।
५. **आवेदन दस्तुर:** मेडिकल अधिकृत पदको लागि रु. १०००/–(एक हजार)
६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**
■ आवेदक स्वयंले प्रमाणित गरेको देहाय वमोजिम कागजातहरूको प्रतिलिपिहरू ■ नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपी
■ न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी ■ चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ■ NMC प्रमाणपत्रको प्रतिलिप
७. **सेवा सुविधा तथा कार्य अवधी:** नगरपालिकाको नियमानुसार तथा सम्झौतामा उल्लेख बमोजिम।
८. **कार्य अवधी:** २०८२ असाढ मसान्तसम्मको लागि / कार्यक्षमताको आधारमा म्याद थप गर्न सकिने।
९. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको र नैतिक देखिने फौजदारी अभियोगको अदनलतबाट कसुरदार नठहरिएको हुनुपर्ने।
१०. सम्पर्क तथा अन्तरर्वाता मितिः सम्पर्क मितिको दिन तोकिनेछ।
११. **कार्य बिवरण:** सम्बन्धित सेवा, समुह पद तथा तहले गर्न गरी तोकिएका कार्य तथा नगरपालिकाको नियमानुसार।

**प्रमुख प्रशासकीय अधिकृत**

"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार"

## कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि.
KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.
देवदह, रुपन्देही

ACCESS BRONZE SUCCEED PROBATION

## कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमीटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ (एक्काईस) दिने सूचना ।

**दोस्रो पटक प्रकाशिन मिति :२०८२।०१।०१३ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक**

यस सहकारी संस्थाको विभिन्न सेवा केन्द्र कार्यालयहरूबाट तपसिलमा उल्लेखित ऋणीहरूले उपभोग गर्नु भएको ऋण कर्जा सहकारी संस्था संग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरी सहकारी संग गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएकोले सहकारीले राष्ट्रिय दैनिक पत्रिका बुटवल टुडेमा मिति २०८१।०९।१८ गते ऋण तिर्न आउने वारे ३५ (पैतिस) दिने सार्वजनीक सुचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानतकर्ता लाई सुचित गर्दा समेत उक्त ऋण कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै -दस्तुर समेत चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गरी बसेकाले सो ऋण कर्जाको सुरक्षण वापत धितो बन्धक/दृष्टि बन्धक लेखीदिएको सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परीमाणमा छ सोही अवस्था र परीमाणमा सहकारीको नियम तथा प्रचलित कानुनको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी सहकारीको लेना रकम असुल उपर गर्नका लागि ३५ दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सुचना मिति २०८१।१२।०५ प्रकाशित गरीएको तर उक्त हद म्याद भित्र गोप्य शिलवन्दी नपरेकोले पुनःदोस्रो पटक २१(एक्काईस) दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सुचना प्रकाशित गरीएकोले धितोमा रहेको उक्त सम्पति (घर जग्गा) गोप्य शिलवन्दी बोलपत्र मार्फत खरीद गरी लिन इच्छुक व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र यसै सुचना तथा बोलपत्र फारममा उल्लेखीत शर्तहरूको अधिनमा रही रीतपुर्वक भरी यस सहकारीको केन्द्रीय कार्यालय खैरेनीमा आईपुग्ने गरी गोप्य शिलवन्दी वोलपत्र पेश गर्न आवाहान गरीन्छ। साथै प्रस्तुत लिलाम प्रकृयाबाट धितोमा रहेको तपशिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम विक्री भई सहकारीले असुल उपर गर्नु पर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावलि २०७५ र सहकारीको ऋण निति २०७५ तथा अन्य प्रचलित ऐन कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा श्रीसम्पत्ति बाट समेत बाँकी लेना रकम असुल उपर गरीने व्यहोरा जानकारी गराउदै, धितो सुरक्षण तथा व्यक्तिगत जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सुचना केन्द्रको कालोसुचिमा नाम समावेश गर्नको लागि सिफारीस गरी पठाईने व्यहोरा समेत यसै सुचना द्धारा सुचित गरीन्छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस सहकारीमा सम्पर्क राखि सिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न/गराउनुहुन समेत विषेश अनुरोध गरीन्छ।

| ऋणीको नाम ठेगाना (शंकरपुर सेवा केन्द्र) | व्यक्तिगत धन जमानत दिने व्यक्तिको विवरण | धितोको विवरण |
|---|---|---|
| ऋणीको नाम : गिता न्यौपाने<br>श्रीमानको नाम : धर्मागत्त न्यौपाने<br>ससुराको नाम : कासिराम न्यौपाने<br>हालको ठेगाना : देवदह १२ प्रगतिनगर<br>ना.प्र.प.नं : ३७१००५।१।२५२७५<br>जारी मिति : २०६५।०९।२७ | १. जमानतको नाम : भानू प्रसाद न्यौपाने<br>बाबुको नाम : कासिराम न्यौपाने<br>बाजेको नाम : लक्ष्मीपति न्यौपाने<br>हालको ठेगाना : देवदह,१२ प्रगतिनगर<br>ना.प्र.प.नं.: १७६४४<br>जारी मिति : २०५९।०४।१४<br>ऋणी संगको नाता : आफन्त<br><br>२. जमानतको नामः जिवन तामाङ्ग<br>बाबुको नाम : राम बहादुर तामाङ्ग<br>बाजेको नाम : शुक्रबहादुर तामाङ्ग<br>हालको ठेगाना : देवदह,१२ प्रगतिनगर<br>ना.प्र.प.नं. : १।१५७६<br>जारी मिति : २०५२।०२।२१<br>ऋणी संगको नाता : छिमेकी | कासिराम न्यौपानेको बुहारी धर्मागत न्यौपानेको श्रीमति गिता न्यौपाने को नाममा. भैरहवा मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला साविक सिक्टहन ६।ग कित्ता नं.८११को क्षेत्रफल (०-१-३) जग्गा ,सो जग्गामा बनेको घर र सो ले चर्चेको सर्म्पुण लिललिगापात समेत |
| **ऋणीको नाम ठेगाना (खैरेनी सेवा केन्द्र)** | **व्यक्तिगत धन जमानत दिने व्यक्तिको विवरण** | **धितोको विवरण** |
| ऋणीको नाम : नन बहादुर गुरुङ्ग<br>बाबुको नाम : गोपी लाल गुरुङ्ग<br>बाजेको नाम : कुविर सिंह गुरुङ्ग<br>हालको ठेगाना : वालिङ्ग न.पा.३ राम्चे<br>ना.प्र.प.नं.: ३६८<br>जारी मिति : २०३७।०६।०२ | जमानतको नामः लुम बहादुर गुरुङ्ग<br>बाबुको नामः नन बहादुर गुरुङ्ग<br>बाजेको नामः गोपी लाल गुरुङ्ग<br>हालको ठेगानाः सुनवल ०८ रामपुर<br>ना.प्र.प.नं.:३७७<br>जारी मिति :२०५७।०७।२४<br><br>जमानतको नाम : लता गुरुङ्ग<br>श्रीमानको नाम : लुम बहादुर गुरुङ्ग<br>ससुराको नाम : नन बहादुर गुरुङ्ग हालको ठेगाना : सुनवल ०८ रामपुर<br>ना.प्र.प.नं.: ३६३०३९।२४०७<br>जारी मिति : २०६३।११।३० | कुविर सिंह गुरुङ्गको नाति गोपि लाल गुरुङ्ग को छोरा नन बहादुर गुरुङ्गको नाममा परासी मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला साविक सुनवल ८।ज कित्ता नं १५२,२२१ को क्षेत्रफल क्रमश (०-३-०-०), (०-१६-३-०)जग्गा,सो जग्गामा बनेको घर र सो ले चर्चेको सर्म्पुण लिललिगापात समेत |
| ऋणीको नाम : बिनोद बि.क<br>बाबुको नाम : गोविन बहादुर बि.के.<br>बाजेको नाम : तारापती बि.के<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं.: ३७२००३।८०६७४<br>जारी मिति : २०६९।१२।१५ | जमानतको नाम : गोविन बहादुर बि.के.<br>बाबुको नाम : तारापती बि.के.<br>बाजेको नाम : केशव बि.क<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं .: ९।१६३२<br>जारी मिति :२०४६।१०।१७<br><br>जमानतको नाम : शिव प्रसाद ढुङगाना<br>बाबुको नाम : तारा प्रसाद ढुङगाना<br>बाजेको नाम : जयलाल ढुङगाना<br>हालको ठेगाना : देवदह ०६ खैरेनी<br>ना.प्र.प.नं. : ७४२८०<br>जारी मिति : २०४१।११।१७ | तरापति बि.केको नाति गोविन बहादुर बि.केको छोरा बिनोद बि.कको नाममा रूपन्देही बुटवल मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला साविक केरवानी १।क कित्ता नं १३९७ को क्षेत्रफल (०-६-१५-०) जग्गा, सो जग्गामा बनेको घर र सोले चर्चेको सर्म्पुण लिललिगापात समेत |
| ऋणीको नाम : सावित्री बि.क<br>श्रीमानको नाम : गोविन बहादुर बि.के<br>ससुराको नाम : तारापती बि.के<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं.: २३६७<br>जारी मिति :२०५३।०९।२९ | जमानतको नामः गोविन बहादुर बि.के<br>बाबुको नाम : तारापती बि.के.<br>बाजेको नाम : केशव बि.के.<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं.: ९।१६३२<br>जारी मिति :२०४६।१०।१७<br><br>जमानतको नाम : बालानन्द न्यौपाने<br>बाबुको नाम : गंगाधर न्यौपाने<br>बाजेको नाम : महेन्द्र न्यौपाने<br>हालको ठेगाना : देवदह ०५ कलुवा<br>ना.प्र.प.नं .: १।७७२<br>जारी मिति : २०५१।०२।२४<br><br>जमानतको नाम : बिनोद बि.क<br>बाबुको नाम : गोविन बहादुर बि.के.<br>बाजेको नाम : तारापती बि.के.<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं.:३७२००३।८०६७४<br>जारी मिति :२०६९।१२।१५<br><br>जमानतको नाम : विपिन बि.क<br>बाबुको नाम : गोविन बहादुर बि.के.<br>बाजेको नाम : तारापती बि.के.<br>हालको ठेगाना : देवदह ०७ तल्लो खैरेनी<br>ना.प्र.प.नं.: ३७२००३।७४६३७<br>जारी मिति : २०६९।०२।१९ | केशव बि.केको नाति तारापती बि.केको छोरा गोविन बहादुर बि.केको नाममा परासी मालपोत कार्यालयमा दर्ता कायम रहेको नवलपरासी जिल्ला साविक सुनवल ६।ठ कित्ता नं. ४९ को (३७७.५०) वर्ग मिटर क्षेत्रफल जग्गा,सो जग्गामा बनेको घर र सोले चर्चेको सर्म्पुण लिललिगापात समेत |

# चिकित्सकको अनिश्चितकालिन आन्दोलन




बुटवल, १२ बैशाख - आवासिय चिकित्सकहरूलाई तोकिएको न्युनतम पारिश्रमिक कार्यान्वयन गर्न सरकारलाई दबाब दिदै देशभरका चिकित्सकहरू अनिश्चितकालिन आन्दोलनमा उत्रेका छन। आन्दोलनको कार्यक्रम अन्तर्गत विहिबार देशभर बिरोध सभा गरेका छन। यसैक्रममा आन्दोलनलाई ऐक्यबद्धता जनाउदै नेपाल चिकित्सक संघ लुम्बिनी अञ्चल शाखा बुटवलले बिहीबार जिल्ला प्रशासन कार्यालय भैरहवामा ज्ञापनपत्रसहित दुई घण्टा धर्ना दिएका छन। संघका उपाध्यक्ष वर्षा थापा, सचिव प्रकाश बस्नेत, कोषाध्यक्ष रमेश भट्टराई, सदस्य सम्राट पराजुलीले सहायक प्रमुख जिल्ला अधिकारी चिरन्जिवी रानालाई ज्ञापन पत्र बुझाउँदै आन्दोलनका कार्यक्रमबारे प्रकाश पारे।

यसैबिच नेपाल चिकित्सक संघ लुम्बिनी अञ्चल शाखा बुटवलका बिहिबार नै बसेको आकस्मिक बैठकबाट शुक्रबारदेखि आकस्मिक तथा सघन (आईसियु) उपचार सेवाबाहेक सम्पूर्ण स्वास्थ्य सेवा ठप्प पार्ने निर्णय भएको महासचिव डा प्रकाश बस्नेतले बताए। 'केन्द्रको निर्देशन अनुसार हामीले शुक्रबारदेखी ओपिडि सेवा बन्द गर्दैछौ,'-उनले भने।

चिकित्सा शिक्षा आयोगको १६ औ पूर्ण बैठकबाट आवासिय चिकित्सकहरूको पारिश्रमिकको विषयमा भएको निर्णय कार्यान्वयन नहुदा आन्दोलमा उत्रनुपरेको नेपाल चिकित्सक संघ लुम्बिनीका अध्यक्ष डा. कृष्ण खरेलले बताए। स्वास्थ्यकर्मीहरूको सम्मान, हक अधिकार र सुरक्षाका लागि संघर्षका कार्यक्रम अघि बढाउन बाध्य भएको उनले बताए। घोषणा अनुसार आवासिय चिकित्सकहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयन नभएसम्म आन्दोलन नरोकिने उनले बताए। 'अस्पतालमा अतिआवश्यक सेवा बाहेकका अन्य सबै सेवा अनिश्चित समयका लागि बन्द गर्ने निर्णय गरेका छौ,'- उनले भने। बैठकमा संघका सहसचिव मोहन तिवारीले यो आन्दोलन समग्र चिकित्सकको पक्षमा भएको बताए। आन्दोलनमा एक ढिक्का भएर आउन उनले सबै चिकित्सकहरूलाई आग्रह गरे। बैठकमा डा. योगेन्द्र अग्रहरीले आफू विदेशमा अध्ययन गर्दाको अनुभव बताउँदै तलब पाउने ब्यवस्था विदेश रहेको बताए। नेपालमा यो कार्यान्वन गर्न जरुरी रहेको भन्दै यसमा सबै चिकित्सकहरू संस्थागत रूपमा नै आन्दोलनमा आउनुपर्ने सुझाव दिए।

# लुम्बिनीमा अन्तर्राष्ट्रिय सांस्कृतिक फेस्टिबल र सेमिनार हुँदै



लुम्बिनी, १२ बैशाख। लुम्बिनीमा अन्तर्राष्ट्रिय सांस्कृतिक फेस्टिबल र सेमिनार हुन लागेको छ। नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्ध विस्तारका लागि चौथो फेष्टिवल लुम्बिनीमा आयोजना गरिएको हो। बैशाख १३ र १४ गते हुने कार्यक्रमको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

फेस्टिवल अन्तर्गतको अन्तर्राष्ट्रिय सेमिनारको आयोजक लुम्बिनी बौद्ध विश्वविद्यालय रहेको छ भने फेस्टिभलको समन्वय सारीपुत्र फाउण्डेसनले गरेको छ। नेपाल र चीनबीचको कला संस्कृति प्रवर्द्धनको उद्देश्यसहित फेस्टिबल हुन लागेको हो। चीनको वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेन्ज लिमिटेड र वीचो पिस क्यालिग्राफी एण्ड पेइनिङ एकेडेमीले सहकार्य गरेका छन्। संस्कृति तथा पर्यटन मन्त्रालय, लुम्बिनी विकास कोषले सहकार्य गरेका छन्।

फेस्टिवलमा ४० देशका प्रतिनिधिहरू सहभागी हुने जनाइएको छ। विहान ८ बजेदेखि लुम्बिनीस्थित अन्तर्राष्ट्रिय ध्यान केन्द्रमा फेस्टिवल शुरु हुने जनाइएको छ। फेस्टिवलमा ५ हजार बढीको सहभागिता रहने बताइएको छ।

अन्तर्राष्ट्रिय सेमिनार भने लुम्बिनी बौद्ध विश्वविद्यालयमा हुनेछ। विश्वविद्यालयको मेत्ता हलमा हुने सेमिनारको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले गर्ने कार्यक्रम रहेको छ।

सेमिनारमा ४० वटा कार्यपत्र प्रस्तुत हुने सेमिनार संयोजक डा. सागर न्यौपानेले जानकारी दिए। बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रीत रहेर सेमिनारमा कार्यपत्र प्रस्तुत हुने न्यौपानेको भनाई छ।

सेमिनार शनिबार दिउँसो १ बजेबाट शुरु भई आइतबार ५ बजे सकिने बताइएको छ। कार्यपत्रमध्ये ३२ वटा विदेशी विज्ञहरूको रहेको जनाइएको छ।

फेस्टिवल अन्तर्गत अन्तर्राष्ट्रिय ध्यान केन्द्रमा सांस्कृतिक कार्यक्रम तथा फोटो प्रदर्शनी हुनेछ। मायादेवी मन्दिर, रामग्राम र तिलौराकोटमा दीप प्रज्ज्वलन गर्ने कार्यक्रम रहेको सारिपुत्र फाउन्डेनले जनाएको छ।

यसअघि पहिलो, दोस्रो र तेस्रो सांस्कृतिक फेस्टिवल कम्बोडिया, श्रीलंका र थाइल्याण्डमा सम्पन्न भइसकेका छन्। लुम्बिनीको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने योजनासहित यो पटक लुम्बिनीमा फेष्टिबल आयोजना गरिएको जनाइएको छ।

# नगरलाई मोबाईल स्वास्थ्य क्लिनिक भ्यान उपहार




कपिलवस्तु, १२ बैशाख - कपिलवस्तु नगरपालिकाभर घुम्ति सामुदायिक स्वास्थ्य क्लिनिकको सेवा प्रवाह गर्नका लागी सामुदायिक मोबाईल स्वास्थ्य क्लिनिक भ्यान हस्तान्तरण गरिएको छ। नगरपालिकामा आयोजित कार्यक्रममा बुद्धिस्ट चुजी च्यारेटी फाउण्डेशनले कपिलवस्तु नगरपालिकालाई मोबाईल स्वास्थ्य क्लिनिक भ्यान हस्तान्तरण गरेको हो। फाउण्डेशनकी उपाध्यक्ष युपि लिन सहितको टोलीले कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेललाई क्लिनिक भ्यानको साँचो हस्तान्तरण गरेको हो। सो सगै नगरमा मोबाईल स्वास्थ्य क्लिनिक सञ्चालनमा आउने भएको छ। बातानुकुलित भ्यानमा एक जना एमबिबिएस डाक्टर सहित १ जना स्टाफ नर्स र एक जना ल्याब कर्मचारीको जनशक्तिले घुम्ति स्वास्थ्य सेवा प्रदान गर्ने छ। भ्यानमा भिडियो एक्सरे, प्रयोगशाला सहित परिक्षण सेवा प्रदान गर्ने कपिलवस्तु नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख उमेश गुप्ताले जानकारी दिए। मोबाईल स्वास्थ्य क्लिनिकको सेवा मासिक रूपमा नगरका १२ वटा वडा मध्य प्रत्यकमा कम्तीमा दुई दिन सम्म घुम्ति सेवा सञ्चालन गर्ने योजना रहेको गुप्ताले बताए। संसारभरका व्यक्तिले बुद्धको पावनभुमीको सेवा गर्नु पर्छ भन्ने गुरुमाता मास्टर चेङ्ग येनको प्रेरणाका आधारमा आफुहरूले यस्ता सहयोग गर्दै आएको बुद्धिस्ट चुजी च्यारेटी फाउण्डेशनकी उपाध्यक्ष युपि लिनले बताईन। "यो बुद्धभुमीमा मानविय सहयोग गर्नु पर्छ भन्ने गुरुमाता मास्टर चेङ्ग येनको प्रेरणाका आधारमा हामीले मानविय सहयोगका कार्य गर्दै आएका छौं।" उनले भनिन। सन् २०२३ देखी कपिलवस्तुमा गरिबहरूको लागी फाउण्डेशनले काम गर्दै आएको जनाउदै उनले समुदाय बिकासका कार्यक्रममा समेत सहयोग भएको उनले प्रष्ट्याईन।

फाउन्डेशनले कपिलवस्तु जिल्लामा मानविय साहायताका सहयोग, तालिम र सिप बिकासका बिभिन्न कार्यक्रम गर्दै आएको फाउण्डेशनका कपिलवस्तु जिल्ला संयोजक राकेश त्रिपाठीले बताए। मोबाईल स्वास्थ्य क्लिनिकमा परिक्षण गरेका बिरामीलाई नजिकको स्वास्थ्य केन्द्रमा थप उपचार सेवा प्रवाह गर्ने गरि कार्यक्रम अगाडी बढ्ने उनले बताए।

नगरका कतिपय वस्तीमा स्वास्थ्य सेवा नपुगेको र कतिपय स्वास्थ्य चौकीमा प्रयोगशालाको अभाव रहेका अवस्थामा सामुदायिक मोबाईल स्वास्थ्य क्लिनिक सञ्चालनमा सहयोग पुर्याउने नगर प्रमुख सुदिप पौडेलले बताए। उनले नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा प्रवाहमा सहजता ल्याउन सहयोग गर्ने उद्धेश्यले फाउण्डेशनले गरेको सहयोग प्रशंसनिय रहेको बताए। कार्यबिधिमा भएको व्यवस्था अनुसार नगरले ६० बर्ष माथीका नागरिक, गर्भवती महिला, दलित लगायतलाई निशुल्क परिक्षण सेवा दिने उनले जानकारी दिए।

हस्तान्तरण कार्यक्रममा फाउण्डेशनका तर्फबाट उपाध्यक्ष लिन सहित १५ जनाको टोली र नगरपालिका तर्फबाट नगरप्रमुख सहित प्रमुख जिल्ला अधिकारी दिल कुमार तामागं, प्रहरी उपरिक्षक निरन्जनदत्त भट्ट, वडा नम्बर १ का अध्यक्ष मोहम्मद जाहिद खाँ, २ का अध्यक्ष अशोक कुमार गुप्ता, ३ का अध्यक्ष प्रकाश गैरे, ४ का अध्यक्ष रावेन्द्र तिवारी, ११ का अध्यक्ष रामगोपाल गुप्ता, १२ का अध्यक्ष ईन्सान अली धुनिया र नगरका सल्लाहकार अब्दुल रसिद खाँको सहभागीता रहेको थियो।

# औद्योगिक क्षेत्रको डुबान समस्याले त्रसित




नवलपरासी, १२ बैशाख - जिल्लास्थित औद्योगिक क्षेत्रका उद्योगबाट हुने बायु प्रदूषण लगायतका समस्या समाधान गर्न तर्फ लागेपनि औद्योगिक क्षेत्रमा अहिले देखिएको डुबान समस्याले उद्योगहरू त्रसित बनेका छन्। सरोकारावाला निकायसँग उद्योग तथा उद्योग बाणिज्य संघका प्रतिनिधिहरूले समस्या समाधानका लागि आवश्यक पहल गर्न आग्रह गर्दै आए पनि सुनुवाई नहुँदा बर्षायाममा डुबान हुने त्रास उद्योगीहरूमा देखिन थालेको हो।

उद्योगबाट निस्कने धुवाँ र धुलोको आन्तरिक ब्यवस्थापन गरिए पनि उद्योग बाहिरबाट हुने डुबान समस्या समाधानको पहल नभएको औद्योगिक क्षेत्रमा लुम्बिनी पेपर मिल्स प्रालिका कर्मचारीले बताए। यसका लागि उद्योग बाणिज्य संघका प्रतिनिधिसँग पनि डुबान नियन्त्रणका लागि आवश्यक जलनिकास बनाउन आग्रह गरेका थिए। त्यसका लागि उद्योगबाट गर्न सकिने सहयोग गर्न तयार रहेको उनीहरूको भनाई रहेको थियो। केही महिना पहिला उद्योग र संघका प्रतिनिधिले आवश्यक पहल गर्नका लागि जिल्ला समन्वय समिति (जिसस) को ध्यानाकर्षण गराएका थिए। औद्योगिक क्षेत्रको समस्याहरूबारे अध्ययन र जानकारी लिईने शुरक्षित औद्योगिक वातावरण बनाउन अभियान चलाउँदै आएका संघका उद्योग उपाध्यक्ष गिरीराज पाण्डे र बाणिज्य उपाध्यक्ष राजेश कुमार गुप्तले जिसस प्रमुख भगौती प्रसाद यादवलाई जानकारी गराएका थिए।

औद्योगिक क्षेत्रको विभिन्न समस्या मध्ये अहिले प्रमुख तिन वटा समस्या पहिलो प्राथमिकतामा राखेर समाधानका लागि पहल गर्न उपाध्यक्षद्धय पाण्डे र गुप्ताले गराएका थिए। प्रमुख तिन समस्यामा विद्युतको अनियमित कटौती,पर्यटन मार्ग अग्लो हुँदा औद्योगिक क्षेत्र डुबानमा पर्ने हुँदा जलनिकासको उचित ब्यवस्थापन र औद्योगिक क्षेत्रमा काम गर्ने स्थानीय महिला तथा मजदुरहरूको सुरक्षार्थ शुरक्षार्थ प्रहरी विटको स्थापना रहेको उपाध्यक्षद्धयले समन्वय प्रमुखलाई जानकारी गराएका थिए। पर्यटन मार्गले औद्योगिक क्षेत्र डुबानमा पर्ने निश्चित प्राय छ, उद्योग उपाध्यक्ष पाण्डेले भने, सडकको नाली अग्लो बन्दा यस्तो समस्या देखिएको छ, तर अब बैकल्पिक जलनिकासका लागि ढल निकासका लागि पहल गरिदिन पऱ्यो। ती कार्यमा उद्योगहरू पनि सहकार्य गर्न तत्पर छन्। त्यसै गरि विद्युत कटौतीका समस्याबारे पुर्व सुचना गराएर मात्र विद्युत कटौती गर्नु पर्ने उद्योगको आसय रहेको जानकारी गराईएको थियो।


पुर्व जानकारी गराएर विद्युत कटौती भयो भन्ने उद्योगको क्षति कम हुने भनाई उनको थियो। त्यसै गरि प्रहरी विटका लागि पनि जिल्ला शुरक्षा समितिसँग पहल गरिदिनका लागि जिसस प्रमुख यादवसँग आग्रह गरेका थिए। जिल्लामा एक खर्ब बढिको औद्योगिक क्षेत्रको लगानी छ। यसले अर्बौ रुपिया राजश्व बुझाउँदै आएको छ। हजारौ युवा युवतीलाई रोजगारी प्रदान गरेको छ। यसले जिल्लाको पहिचान पनि बनाएको छ। जिल्ला स्तरबाट पहल गरेर औद्योगिक क्षेत्रको ब्यवस्थापन गर्न सकियो भन्ने आर्थिक चलायमानमा पनि योगदान रहने उपाध्यक्षद्धय पाण्डे र गुप्ताको दाबी रहेको थियो। बरु समन्वय गरेर ति उद्योगसँग समाजिक उत्तरदायित्व भनेर खर्चिने केही आर्थिक स्रोतहरूलाई समेत जिल्लाको समाजिक क्षेत्रको विकासमा योगदान पुग्ने थियो।

जिल्ला अहिले औद्योगिक हब पनि बन्दै गएको छ, बाणिज्य उपाध्यक्ष गुप्ताले भने, औद्योगिक क्षेत्रलाई चाहिने आवश्यक कच्चा पदार्थको आपुर्ति महेशपुर भन्सार भएर गराउन सकियो भन्ने महेशपुर भन्सारलाई पनि लक्ष्य अनुसारको राजश्व संकलनमा योगदान पुग्ने र उद्योगी ब्यवासायीलाई पनि भैरहवा भन्सारमा लामा लागेर भन्सार छुटाउने समस्याबाट पनि राहत मिल्ने उनले बताएका थिए। भन्सारमा समेत पुगेर औद्योगिक समस्या समाधानका लागि सुझाव लिईने र सरोकारवाला कार्यालयहरूसँग जिससले समन्वय गरिदिनका लागि पनि आग्रह गरेका थिए।

पर्यटन मार्गको निर्माण गर्दा सडकको दुबै किनारमा बन्ने नाली जमिन सतह भन्दा माथि बनाईदा सडकले औद्योगिक क्षेत्रलाई मात्रै नभई स्थानिय बस्ति र बालीनाली हुने खेतलाई समेत डुबान हुने बताएका थिए। जमिन सतह भन्दा अग्लो नालीले रोस्लान भोड्का उद्योगका कर्मचारीले उद्योग परिसरका पानी अहिले नै पम्पिगँसेटले उक्त नालीमा फाल्न परेको देखाएका थिए। बर्षायामका पानीले तँ उद्योगलाई नै डबाउने छ। सडक अग्लो बनाउदा सबै औद्योगिक क्षेत्र डुबानको चपेटामा पर्ने छ। डुबान सडकले हुदै आएको छ। तर किसानको बाली डुब्दा उद्योगले क्षतिपुर्ति ब्यहोर्न परेको छ। सरकारसँग सुरक्षा माग्दा उल्टै उद्योगहरू डुबानमा पर्ने गरि संरचना निर्माण हुदैछ। एक्ला एक्लै उद्योगीले समस्या उठाउदा सुनुवाई नहुने र विभिन्न क्षेत्रबाट उद्योग प्रति नकारात्मक धारणा राखिने हुदा पनि औद्योगिक क्षेत्रको बास्तविक समस्या समाधान गर्न चुनौती रहेको छ। उद्योगको यो मात्र समस्या छैन्, उद्योग उद्योगको विच सामन्यजस्यता नहुँदा पनि समस्याहरू छन्।

विद्युत महशुल उद्योगले बुझाएनन्, भन्ने कुरा विद्युत प्राधिकरणले उठाउने गर्छ। केही दिन ढिलो भयो भन्ने जरिवाना तिराई हाल्छ। तर विद्युत आपुर्ति समस्याले उद्योगलाई कति क्षति भयो, त्यसबारे कहिलै विचार पुर्‍याउदैन्। तर आफ्नो गल्ति स्वीकार गर्दै कहिले गर्दैनन। यो एउटा उद्योग हो, उद्योगका एक प्रवन्धकले भने, तर औद्योगिक क्षेत्रमा पचास भन्दा बढि उद्योगहरू स्थापना भई सकेका छन्। हजारौको संख्यामा कर्मचारी र मजदुर कार्यरत छन्। विद्युत प्राधिकरणले विद्युत काट्ने हो पुर्व जनाउ गरि काट्दा कम्तीमा मजदुरहरूलाई सो दिन छुट्टी दिन सकिन्छ,वा अन्य कामका लागि योजना बनाएर बोलाईन्छ। औद्योगिक क्षेत्रको समस्याका लागि आफुले छिट्टै नै सरोकारवाला कार्यालयहरूसँग समन्वय गरि सार्वजनिक बहस चलाउने र निकास निकाल्ने जिसस प्रमुख यादवले आश्वासन दिएका थिए।

# जथाभावी फोहोर फाल्नेलाई सिद्धार्थनगरद्वारा जरिवाना


सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.स.२०८१/०८२
च.न.

मिति:२०८२।०१।१२
ने.सं.११४५ चौलागा २७, शुक्रबार

विषय: जरिवाना रकम दाखिला गर्नु हुन।

श्री

सिद्धार्थनगर - ५, मैत्रीपथ

प्रस्तुत विषयमा सिद्धार्थनगर नगरपालिकाले संचारका विभिन्न माध्यमहरुबाट सडक पेटी तथा अन्य सार्वजनिक स्थानहरुमा फोहोर मैला जथाभावी नफ्याक्न पटक पटक सूचना गर्दा पनि तपाईले अटेर गरी फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३८(क) अनुसारको कसुर गरेकोले पहिलो पटकको लागि सोही ऐनको दफा ३९(१) अनुसार रु ५०००/- जरीवाना तोकिएकोले ३ तीन दिन भित्र कार्यालयमा दाखिला गर्नको लागि सूचित गरिन्छ। तोकिएको समयमा रकम दाखिला नगरेमा नियमानुसार हुने व्यहोरा जानकारी गराईन्छ।

भैरहवा, १२ बैशाख - रूपन्देहीको सिद्धार्थनगर नगरपालिकाले सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्नेलाई जरिवाना लगाएको छ। पटक-पटक सुचना जारी गर्दा समेत अटेर गरी जथाभावी फोहोर फाल्न नछाडेपछि नगरपालिकाले जरिवाना पत्र काटेको हो।

नगरका सडक पेटी एवं सार्वजनिक स्थानहरूमा जथाभावी फोहोर फाल्ने ६ ब्यबसायीक फर्मलाई पहिलोपटकलाई पाँच हजारका दरले जरिवाना तोकीएको छ। नियमित सरसफाई एवंम फोहोर मैला घर घरमा पुगेर उठाउदाँ पनि कतीपयले अटेर गरी सार्वजनीक स्थानमा फोहोर फाल्न नछाडे पछि बाध्य भएर जरिवाना काट्नु परेको सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इशितयाक अहमद खाँले जानकारी दिए। 'नगर स्वच्छ, सफा, हराभरा र सुन्दर राख्ने दायीत्व सवैको हो। हामीले सरसफाई गरीरहने र जथाभावी फोहोर पनि फालीनै रहने हो भने यो उदेश्य पुरा हुन सक्दैन। उनले भने त्यसकारण नगरसफा राख्ने कार्यमा सवैले सहयोग गरौ।'

नगरपालिकाले शुक्रवार वडा नं ५ का गणेश लक्ष्मी कलेक्सन, हरि ओम फुल घर, के.जी फ्रुट एण्ड मेटिरेवल सप्लायर्स, आर.जे फ्रुट एण्ड सब्जी सप्लायर्स, वडा नं ६ को नव दुर्गा प्लाष्ट्रिक सप्लायर्स र १२ को वेविलेन्डलाई पहिलो पटकलाई पाँच हजार जरिवाना तोकेको हो। फोहोरमैला ब्यवस्थापन ऐन २०६८ को दफा ३८ (क) को कसुर ठहर गरी सोही ऐनको ३९ (१) अनुसार जरिवाना तोकीएको र उक्त जरीवाना ३ दिन भित्र नबुझाए थप कार्वाही गरीने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले जानकारी दिए। जथाभावी फोहोर फाल्नेहरू माथी नगरपालिकाले निगरानि बढाएको र त्यसरी जो कोहीले सार्वजनीक स्थानमा फोहोर फालेको पाईएको कार्वाही गरिने उनले बताए।

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।
गगन सेनेटरी, बुटवल-८, सुख्खानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस्।
पाल्पाली मगर सम सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाईलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिईने छ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल-१० सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

मजदुरको हकहित संरक्षण गरौं
■ श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
■ दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
■ असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
■ स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
■ बालश्रम लगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
■ मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं।
सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार।
नेपाल सरकार
विज्ञापन बोर्ड




बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालयः बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोनः ०७१-५५४६४०, ५५४६४२, इमेलः newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्षः हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादकः कृष्ण मल्ल, मुद्रणः पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.